# रोङ गाउँपालिका

# रोङ राजपत्र

खण्ड : २ संख्याः ७ प्रकाशित मितिः २०७५/०२/१३

## भाग-२

# पाथीभरा क्षेत्र विकास कोष परिचालन तथा व्यवस्थापन कार्यविधि, २०७५

रोङ गाउँपालिका
२०७३

## रोङ गाउँपालिका

# पाथीभरा क्षेत्र विकास कोष परिचालन तथा व्यवस्थापन कार्यविधि, २०७५

स्वीकृत मितिः २०७५/०२/०६

**प्रस्तावना :** नेपालको संविधान धारा २१४ (२) र (३) स्थानीय तहको कार्यकारिणी अधिकार, धारा २२१ (१) र (२) स्थानीय तहको व्यवस्थापिकीय अधिकार, धारा २२६ (१) र (२) कानून बनाउन सक्ने संवैधानिक अधिकार अन्तर्गत रही,

रोङ गाउँपालिका स्थित पाथीभरा क्षेत्रको वातावरणीय तथा पर्यावरणीय सन्तुलन कायम राख्न, भौतिक पूर्वाधारको दिगो ब्यवस्थापन, ऐतिहासिक, सामाजिक, सांस्कृतिक, धार्मिक, पुरातात्विक, जैविक विविधताको संरक्षण तथा उक्त क्षेत्रको समृद्धि र विकासका लागि नवीन धार्मिक पर्यटन प्रवर्द्धनका लागि वृहद गूरुयोजना निर्माण गर्दै ***"समृद्ध पाथीभरा, स्वच्छ पाथीभरा"*** को वृहद अवधारणा राखी पाथीभरा मन्दिर क्षेत्रको आम्दानीलाई परिचालन र व्यवस्थापन गरी कोषको दीर्घकालीन लक्ष्य प्राप्तिका लागि रोङ गाउँपालिका क्षेत्रभित्र पर्ने यस क्षेत्रको सम्पूर्ण कार्य गर्ने गरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को अधिकार प्रयोग गरी यो कार्यविधि निर्माण गरिएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भ :** १.१ यस कार्यविधिको नाम **"पाथीभरा क्षेत्र विकास कोष परिचालन तथा व्यवस्थापन कार्यविधि, २०७५"** रहेको छ।

१.२ यो कार्यविधि रोङ गाउँ कार्यपालिकाको बैठकबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशित गरी तोकेको मितिदेखि लागू हुनेछ।

**२. परिभाषा :** **२.१ विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः**

२.१.१ **"पाथीभरा क्षेत्र"** भन्नाले पाथीभरा क्षेत्रको सुरक्षा, संभार र विकासको लागि स्थानीय सरकारले समय समयमा स्थानीय राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएको सीमाना भित्रको क्षेत्र सम्झनु पर्छ।

२.१.२ **"कोष"** भन्नाले दफा ३ बमोजिम स्थापना भएको पाथीभरा क्षेत्र विकास कोष सम्झनु पर्छ।

२.१.३ **"संरक्षक"** भन्नाले कोषका संरक्षक सम्झनु पर्छ।

२.१.४**"अध्यक्ष"** भन्नाले यस कार्यविधिको दफा ७.२ बमोजिम गठित समितिको अध्यक्ष सम्झनु पर्छ।

२.१.५ **"समिति"** भन्नाले कोष संचालनका निमित्त दफा ७ बमोजिम गठन भएको पाथीभरा क्षेत्र विकास कोषको संचालक समिति सम्झनु पर्नेछ ।

२.१.६ **"सदस्य"** भन्नाले समितिका उपाध्यक्ष, कोषाध्यक्ष, सदस्य तथा सचिवलाई समेत जनाउँछ ।

२.१.७ **"चन्दा"** भन्नाले कोषलाई सहयोग स्वरुप दाताले प्रदान गर्ने नगद, जिन्सी र चल अचल सम्पत्ति समेत संझनु पर्छ ।

२.१.८ **"तोकिएको वा तोकिए बमोजिम"** भन्नाले यस कार्यविधि अर्न्तगत बनेको निर्देशिकाहरुमा तोकिएको वा तोकिए बमोजिम संझनु पर्छ ।

**३. कोषको स्थापना :** **३.१** पाथीभरा क्षेत्र विकास कोषको ७५ प्रतिशत आम्दानी रोङ गाउँपालिकाको खातामा जम्मा हुने गरी स्थापना गरिनेछ ।

**३.२** बाँकी २५ प्रतिशत आम्दानी यस समितिको खातामा जम्मा हुने गरी स्थापना गरिनेछ ।

**३.३** कोषको कार्यालय रोङ -३, कुटिडाँडामा रहनेछ ।

**४. कोष अविछिन्न उतराधिकारवाला संस्था हुने:** **४.१** कोष अविच्छिन्न उत्तराधिकारवाला संगठित संस्था हुनेछ ।

**४.२** कोषको सबै काम कार्वाहीका निमित्त आफ्नो छुट्टै छाप हुनेछ ।

**४.३** कोषको छाप तथा प्रतीक समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

**४.४** कोषले व्यक्ति सरह चल अचल सम्पत्ति खरिद गर्न, प्राप्त गर्न, उपभोग गर्न, बेचविखन गर्न वा आवश्यकता अनुसार अन्य किसिमले व्यवस्था गर्न सक्नेछ ।

**४.५** कोषले व्यक्ति सरह नालिस उजुर गर्न र कोष उपर पनि सोही नामबाट नालिस उजुर लाग्न सक्नेछ ।

**५. संरक्षक :** गाउँपालिका अध्यक्ष यस कोषको संरक्षक हुनेछ ।

**६.कोषको उद्देश्य :** **६.१ कोषको उद्देश्य देहाय बमोजिम हुनेछः**

**६.१.१** पाथीभरा क्षेत्र पवित्र पाथीभरा देवीको धार्मिक तीर्थ स्थल भएकोले सोही बमोजिम गर्ने ।

**६.१.२** पाथीभरा क्षेत्रको आदर्श, महिमा एवं महत्व अनुरुप पाथीभरा क्षेत्रको योजनावद्ध रुपमा सुरक्षा संभार तथा विकास गर्ने ।

**६.१.३** पाथीभरा क्षेत्रको, प्राचीन, ऐतिहासिक, धार्मिक, साँस्कृतिक तथा राष्ट्रिय महत्वका वस्तु वा स्थलहरु पाथीभराका चल अचल सम्पत्ति तथा प्राकृतिक सम्पदाको सम्भार संरक्षण र सम्वर्द्धन गर्ने ।

**६.१.३.क.**पाथीभरा मन्दिर लगायत पाथीभरा क्षेत्रभित्र रहेका सबै मठ मन्दिरहरुमा परम्परागत रितिस्थिति बमोजिम पूजाआजा, साँस्कृतिक चाडपर्व, महोत्सव, उत्सव तथा सामाजिक र लोक कल्याणकारी कार्य संचालनको व्यवस्था मिलाउने ।

**६.१.४** स्वदेश तथा विदेशका तमाम तीर्थयात्रीहरु तथा पर्यटक समेतको सुविधाको लागि यस पवित्र तीर्थस्थललाई यथोचित रुपमा योजनाबद्ध रुपले सुधार गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पर्यटकीय धार्मिक तीर्थस्थलको रुपमा विकास गर्ने ।

**६.१.५** यस कार्यविधि बमोजिमका उद्देश्य अनुरुप यस कार्यहरु सुव्यवस्थित रुपले गर्ने ।

**७. पाथीभरा क्षेत्र विकास कोष संचालक समितिको गठन :** **७.१** कोषको सम्पूर्ण काम कारवाहीको संचालन तथा रेखदेख गर्नका लागि १३ सदस्यीय पाथीभरा क्षेत्र विकास कोषको संचालक समिति गठन हुनेछ ।

**७.२** उपदफा ७.१ बमोजिम गठन हुने संचालक समितिमा देहाय बमोजिमका सदस्यहरु रहनेछन ।

(क) निर्वाचन मण्डलबाट निर्वाचित - ७ जना
(ख) गाउँपालिकाबाट मनोनित - ३ जना
(ग) समितिबाट मनोनित - ३ जना

यस उपदफाको खण्ड (क) र (ख) बमोजिमका सदस्यहरुले खण्ड (ग) बमोजिमका सदस्यहरुको मनोनयन गर्ने तथा सञ्चालक समितिको अध्यक्ष र सदस्य सचिवको चयन गर्नेछन् ।

**७.३** मनोनित सदस्यहरुमा गाउँपालिका र समितिले आवश्यक फेरबदल गर्न सक्नेछ । यसरी फेरबदल भएको सूचना स्थानीय राजपत्रमा प्रकाशित गर्नुपर्नेछ ।

**७.४** उपदफा ७.२ को (ख) (ग) बमोजिम सदस्यहरु मनोनित गर्दा कम्तिमा एकजना सदस्य यस क्षेत्रभित्र स्थायी बसोबास गरेका समाज सेवीहरु मध्येबाट गर्नुपर्नेछ ।

**७.५** मनोनित सदस्यहरुको पदावधि तीन वर्षको हुनेछ र पदावधि समाप्त भए पछि पनि निजहरु पुन: मनोनित हुन सक्नेछन ।

**७.६** समितिको समयावधि ३ बर्षको हुनेछ ।

७.७ उपदफा ७.२ को खण्ड (क) बमोजिमको निर्वाचन मण्डलमा संस्थाको आजीवन र साधारण सदस्यता प्राप्त गरेका व्यक्तिहरु रहनेछन् ।

**८. समितिको काम, कर्तव्य र अधिकार :** **८.१ समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:**

**८.१.१** यस कार्यविधि बमोजिम कोषको उद्देश्य पूरा गर्न अनवरत रुपमा प्रयत्नशील रहने ।

**८.१.२** कोषको संरक्षकबाट समय समयमा हुने मार्गदर्शनको पालना गर्ने, गराउने ।

**८.१.३** पाथीभरा क्षेत्र विकास कोषको गूरुयोजना र वार्षिक योजना तथा तदनुरुपका कार्यक्रमहरु स्वीकृत गरी कार्यान्वयन गर्ने/गराउने ।

**८.१.४** पाथीभरा मन्दिर लगायत यस क्षेत्रभित्र रहेका मन्दिरहरुमा पूजाआजा, पर्व, उत्सव लगायतका परम्परादेखि चलि आएका सबै किसिमका धार्मिक कार्यहरु र सो क्षेत्रमा परम्परागत रितिस्थितिका अन्य कार्य संचालनको व्यवस्था गर्ने गराउने ।

**८.१.५** आवादी, नम्बरी जग्गा वाहेक यस क्षेत्रभित्र रहेका जग्गा जमिनको आवश्यक नीति निर्धारण गर्ने तथा आवश्यक निर्देशन दिने ।

**८.१.६** पाथीभरा क्षेत्रको विकास तथा धार्मिक रितिथिति बमोजिम कार्य संचालन गर्ने सम्बन्धमा समय, समयमा अध्ययन अनुसन्धान कार्यशाला गोष्ठी आदिको आयोजना गर्ने गराउने ।

**८.१.७** पाथीभरा मन्दिर र पाथिभरा क्षेत्रभित्र रहेका यससँग सम्बन्धित सबै प्रकारका घर, जग्गा, मठ मन्दिर, देवालय, सत्तल, पाटी, पौवा समेतको संरक्षणको व्यवस्था मिलाउने ।

**८.१.८** पाथीभरा क्षेत्रभित्रको मठ, मन्दिर, सत्तल, पाटी, पौवा ढुङ्गेधारा, पानीको मुहान, वगैचा, वनजंगल र पाथीभरा क्षेत्रभित्र रहेका सबै देवदेवीसँग सम्बन्धित सबै किसिमका क्षेत्रभित्र र वाहिर रहेका ऐलानी पर्ति जग्गाको क्षेत्रफल समेत खुलाई लगत तयार गर्ने ।

**८.१.९** पाथीभरा क्षेत्रको जग्गाको उपभोग र उपभोगको आधारमा समय समयमा ठेक्का, कर, भाडा, जिन्सी वा नगदी महशुल निर्धारण गर्ने ।

**८.१.१०** गाउँपालिकाको खातामा जम्मा भएको ७५% आम्दानीलाई नघटाई गुरुयोजनाले निर्धारण गरेको काम गाउँ कार्यपालिकाको निर्देशनमा योजना बनाई कार्यान्वयन गर्ने गराउने ।

**८.१.११** योजना र कार्यक्रमहरु कार्यान्वयन गर्न चाहिने वित्तीय साधनहरुको आवश्यक व्यवस्था गर्ने ।

**८.१.१२** कोषको उद्देश्य परिपूर्तिका लागि नेपाल राज्यभित्र वा बाहिर आवश्यकता अनुसार विभिन्न समिति तथा उप-समितिहरु गठन गर्ने ।

**८.१.१३** यस कार्यविधि बमोजिम गठित विभिन्न समिति तथा उप-समितिहरुको निमित्त नीति निर्धारण गरी आवश्यक मार्गदर्शन वा निर्देशन दिने तथा तिनिहरुको कामको समीक्षा र मुल्याङ्कन गर्ने ।

**८.१.१४** पाथीभरा क्षेत्रको योजना र पाथिभरा क्षेत्रभित्र कुनै स्थान विशेषको महत्व, मान्यता र संवेदनशिलतालाई ध्यानमा राखी त्यस्ता स्थानहरुमा गर्न नहुने कार्यहरु तोकी निषेध तथा नियन्त्रण गर्ने ।

**८.१.१५** यस कार्यविधि बमोजिम कोषको उद्देश्य पूर्तिको लागि गर्नुपर्ने कार्यहरु सम्बन्धित निकाय र व्यक्तिहरुबाट यथाशीघ्र कार्यान्वयन गर्न लगाउने ।

**८.१.१०** योजना र कार्यक्रम कार्यान्वयन गर्दा स्थानीय तह तथा जनताको सहभागिता जुटाउने र कार्यान्वयन गरिने योजना र कार्यक्रमबारे जनतामा भ्रम र अन्यौल नहुने गरी जनसाधारणलाई समय समयमा सु-सूचित गराउने ।

**८.१.११** पाथीभरा क्षेत्रको योजनावद्ध रुपमा विकास गर्दा सुव्यवस्थित रुपले निर्माण, मर्मत सम्भार र सरसफाई गरि स्वच्छ वातावरण कायम गर्ने ।

**८.१.१२** खानेपानी, ढल निकास, विजुली, टेलिफोन, सडक आदि जस्ता आधारभूत सार्वजनिक उपयोगिताका साधनहरु सुव्यवस्थित गर्ने र फोहरमैला हुन नपाउने गरी स्वच्छता कायम गर्न नियमित एवं प्रभावकारी कार्यविधि अपनाउने ।

**८.१.१३** पाथीभरा क्षेत्रमा वृक्षारोपण, वन, वगैचा, उद्यान, वन्य जीवजन्तु तथा सम्पदा संरक्षण समेतको व्यवस्था गर्ने ।

**८.१.१४** पाथीभरा क्षेत्रमा प्रदुषण हुन नदिइ स्वच्छ वातावरण कायम गर्न आवश्यक मापदण्ड बनाई सम्बन्धित निकायबाट स्वीकृति प्राप्त गरी लागू गर्ने ।

**८.१.१५** पाथिभरा क्षेत्र भित्र भुक्षय हुने क्षत्रको आवश्यक मापदण्ड बनाई संरक्षण र सम्वर्द्धनको व्यवस्था मिलाउने ।

**८.१.१६** पाथीभरा क्षेत्रलाई तीर्थस्थलको रुपमा रक्षा गर्न र सदुपयोगका लागि व्यापक जनचेतना ल्याउन उपयुक्त माध्यमबाट प्रचार प्रसार गर्ने र जन सहभागिता परिचालन गर्ने ।

**८.१.१७** पाथीभरा क्षेत्रमा गरिने निर्माण सम्बन्धमा आवश्यक मापदण्ड तोक्ने र प्रचलित कानून बमोजिम घर जग्गा प्राप्त गर्ने तथा विभिन्न कार्यका लागि जग्गा छुट्याउने आदि कार्य गर्ने ।

**८.१.१८** पाथीभरा मन्दिर र क्षेत्रभित्रका मठ, मन्दिरमा चढाएको दान, भेटी, उपहार तथा नियमित र विशेष पूजाको हिसाब तोकिए बमोजिम पारदर्शी बनाउने र दैनिक रुपमा कोषमा दाखिला गराउने ।

**८.१.१९** कोषको आम्दानीको तोकिए बमोजिमको हिस्सा, शिक्षा, स्वास्थ्य वातावरण संरक्षण जस्ता सामाजिक विकास निर्माण र कल्याणकारी काममा लगाउने ।

८.२ **मूल पूजारी र अन्य पूजारीको नियुक्तिः** पाथीभरा मन्दिरको मूल पूजारी तथा अन्य मन्दिरको पूजारीको नियुक्ती समितिको सिफारीसमा संरक्षकले गर्नेछ ।

**९.समितिको बैठक:** **९.१**अध्यक्षको निर्देशन अनुसार सचिवले समितिको बैठक बोलाउनेछ ।

**९.२** समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा सदस्यहरु मध्येबाट चुनिएको सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

**९.३** उपदफा ९.२ मा जुनसुकै कुरा लेखिएको भएतापनि कोषको वार्षिक कार्यक्रम वजेट र चौमासिक प्रगति समिक्षा बारे छलफल हुने समितिको बैठकको अध्यक्षता स्वयं अध्यक्षले गर्नुपर्नेछ ।

**९.३** बैठक बस्ने सूचना गर्दा मनासिव समय तोकी सूचना गर्नुपर्नेछ ।

**९.४** समितिको बैठक सामन्यता महिनामा एक चोटी बस्नेछ । तर, अध्यक्षबाट निर्देशन भएमा जति पटक पनि बस्न सक्नेछ ।

**९.५** सचिवले बैठकको निर्णय पुस्तिका राख्नेछ ।

**९.६** बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**१०. कर्मचारीको व्यवस्था :** **१०.१** समितिको कार्यालय सचिवले समितिको प्रशासकीय प्रमुखको रुपमा काम गर्नेछ ।

**१०.२** समितिले आवश्यकता अनुसार कर्मचारीहरुको नियूक्ति गर्न सक्नेछ ।

**१०.३** उपदफा १०.१ र १०.२ मा भएको व्यवस्था २५ प्रतिशत आम्दानी बाँधिएको समितिको खाताबाट व्यवस्थापन गर्नुपर्नेछ ।

**११. कार्य संचालन विधि :** समिति तथा यस कार्यविधि बमोजिम गठित विभिन्न समिति एवं उपसमितिहरुको आन्तरिक कार्यसंचालन विधि समितिले आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

**१२. नेपाल सरकारको नियन्त्रमा रहने :** **१२.१** पाथीभरा क्षेत्रभित्रका वनजंगल र ऐलानी पर्ति जग्गाहरु कानून बमोजिम नेपाल सरकारको नियन्त्रणमा रहनेछन । नेपाल सरकारको नियन्त्रणमा रहेका वनजंगल पर्ति जग्गा कुनै व्यक्ति वा संघ संस्थालाई हक छाडी वा नछाडी भोगचलन गर्न दिन पाइने छैन ।

**१२.२** समितिले पाथीभरा क्षेत्रको विकास गर्नको लागि पाथीभरा क्षेत्रभित्रको वन जंगल र ऐलानी पर्ति जग्गाहरुको योजनावद्ध विकास गर्न र प्रयोगमा ल्याउन उपदफा १२.१ को व्यवस्थाले कुनै वाधा पुऱ्याएको मानिने छैन ।

**१३. समितिको स्वीकृति लिनु पर्ने :** **१३.१** कोषको उद्देश्य परिपूर्तिका लागि स्वीकृत योजना तथा कार्यक्रमहरु आवश्यकता अनुसार कार्यान्वयन गर्न प्रचलित कानूनमा जुनसुकै लेखिएको भएतापनि पाथीभरा क्षेत्रभित्र समितिले निषेध गरेको ठाउँमा समितिको सहमति र सम्बन्धित निकायको स्वीकृति बिना कसैले आफ्नो हकभोगको जग्गा कुनै प्रकारले हक हस्तान्तरण गर्न र निर्माण सम्बन्धी कुनै कार्य गर्न हुदैन । यसरी समितिले

निषेध गरेको स्थान बाहेक अन्य ठाउँमा निर्माण सम्बन्धी कार्य गर्दा समितिले समय समयमा निर्धारण गरिदिएको मापदण्ड बमोजिम मात्र गर्नु पर्नेछ ।

**१३.२** उपदफा १३.१ बमोजिम समितिले मापदण्ड निर्धारण गर्दा भवन, सडक/बाटो, पूल, पानी, ढल निकास, शौचालय तथा टेलिफोन लाइन, खम्बा र अन्य आधारभूत सार्वजनिक उपयोगिताको विषयहरुमा समेत सम्बन्धित निकायद्धारा स्वीकृति लिई मापदण्ड निर्धारण गरी लागू गर्न सक्नेछ ।

**१३.३** उपदफा १३.१ र १३.२ बमोजिम समितिले मापदण्ड निर्धारण गरी छुटयाई दिएको स्थानहरुमा समितिको पूर्व सहमति र सम्बन्धित निकायको स्वीकृति विना कसैले आफ्नो हक भोगको जग्गामा पनि नयाँ संरचना, पुनःसंरचना, साविक आकार र शैलीमा परिवर्तन, थपघट, मर्मत वा अन्य निर्माण सम्बन्धी कार्य गर्न पाउने छैन ।

**१३.४** निर्माण सम्बन्धी विषयमा नक्सा सहित र रहित स्वीकृति दिने वा नक्सा पास गर्ने दायित्व भएका वा नभएका गाउँपालिकाको योजना कार्यान्वयन समिति वा अन्य निकायहरुले समितिको पूर्व सहमति र सम्बन्धित निकायको पूर्व स्वीकृति बिना निर्माण सम्बन्धि कुनै कार्य गर्न पाइने छैन ।

**१३.५** यसरी पूर्व सहमति र समन्वय नगरी वा सम्बन्धित निकायको स्वीकृति नलिइ कुनै प्रकारको निर्माण कार्य तथा अन्य कार्य गरेमा सो कार्य बदर गरी प्रचलित कानून बमोजिम सजाय, दण्ड, जरिवाना गर्न सक्नेछ । त्यस्तो विना स्वीकृति निर्माण गरिएको संरचना भत्काइने छ । भत्काउदा हुन आएको खर्च समेत समितिले सम्बन्धित व्यक्ति वा निकायसँग असुल उपर गरी लिन सक्नेछ ।

**१३.६** उपदफा १३.५ बमोजिम निर्माण सम्बन्धि अनधिकृत कार्यहरु रोक्ने भत्काउने वा सजायको आदेश उपर चित्त नबुझ्ने पक्षले यस्तो आदेश सुनेको वा पाएको मितिले ३५ दिन भित्र सम्बन्धित निकाय समक्ष पुनरावेदन गर्न सक्नेछ । तत्सम्बन्धमा सम्बन्धित निकायले गरेको निर्णय अन्तिम हुनेछ ।

**१३.७** पाथीभरा क्षेत्रभित्र सवारी साधनको आवागमन गर्न, पार्किङ गर्न, चलचित्र खिच्न, फोटो खिच्न, पोष्टर, तस्वीर र होर्डिङ्ग बोर्ड राख्न, कुनै किसिमको भेला वा अन्य प्रचार प्रसार गर्न समितिको सहमति र सम्बन्धित निकायको स्वीकृति लिनु पर्ने गरी समितिले व्यवस्था, नियन्त्रण र निषेध गर्न सक्नेछ । तर परम्परागत नाचगान, चाडपर्व मनाउन कुनैपनि समितिको स्वीकृति लिन पर्नेछैन ।

**१३.८** निर्माण सम्बन्धी कार्यको स्वीकृति दिने सम्बन्धमा सम्बन्धित निकायले निर्धारण गरिदिएको मापदण्ड, नीति, निर्देशन, विपरित स्वीकृति दिएमा स्वीकृति दिने विकास योजना कार्यान्वयन समितिका सम्बन्धित व्यक्तिलाई सजाय हुनेछ ।

**१३.९** माथिका उपदफाहरु बमोजिम समितिले गर्नुपर्ने कार्य नगरेमा रोङ गाउँ कार्यपालिकाले आवश्यक कार्य गर्ने गराउने छ । तर समितिले चाहेमा जुनसुकै बखत आफै वा अन्य निकायबाट गर्न गराउन सक्नेछ ।

**१३.१०** पाथीभरा क्षेत्रभित्रका विभिन्न सरकारी वा सार्वजनिक जग्गाहरुको सन्दर्भमा प्रचलित कानूनद्धारा प्राप्त अधिकार बमोजिम हक हस्तान्तरण गर्न वा परिवर्तन गर्न वा अन्य कुनै पनि किसिमबाट कसैलाई भोग चलन गर्ने गरी दिनु भन्दा अघि समिति मार्फत गाउँ कार्यपालिकाको स्वीकृति लिनु पर्नेछ ।

**१३.क** पाथीभरा मन्दिरको पूजाआजा र मन्दिर रेखदेख सम्बन्धी व्यवस्थाः

**क.१** पाथीभरा मन्दिरको रेखदेख गर्ने कर्तव्य समितिको हुनेछ र पाथीभरा मन्दिरको विभिन्न पूजाआजा चलाउने कर्तव्य मूल पूजारीको हुनेछ ।

**क.२** उपदफा १३.क.१ मा लेखिएदेखि बाहेक पाथीभराका मूल पूजारीको तालुकमा रहेका सबै काम कुरा समिति अन्तर्गत रहनेछ र त्यसको संचालन, असूल, तहसिलको रेखदेख र नियन्त्रण तथा व्यक्ति विशेषबाट मन्दिरमा गरिने पूजाआजा, दक्षिणा, भेटी दस्तूर तथा पाथीभरा क्षेत्रभित्र गरिने विभिन्न कामको लागि हुने खर्च सम्वन्धी व्यवस्था समितिले तोके बमोजिम हुनेछ ।

**क.३** भक्तजन तथा चन्दादातालाई गर्नुपर्ने आवश्यक सम्मान गर्ने सामाग्रीहरु (सम्मान-पत्र, शिलालेख, दोसल्ला) लगायतका सामग्रीहरुको व्यवस्थापन समितिको २५ प्रतिशत आम्दानीबाट गर्नुपर्नेछ ।

क.४ माथि उल्लेखित समितिले गर्ने व्यवस्थापन कार्य समितिको २५ प्रतिशत आम्दानीबाट गर्नुपर्नेछ । यसरी व्यवस्थापन सम्पन्न भई बचत रहेको रकम वार्षिक रुपमा गाउँपालिकामा जम्मा गर्नुपर्नेछ ।

क.५ कारणबश समितिको खातामा जम्मा हुने २५% आम्दानीले समितिले व्यवस्थापन गर्नुपर्ने कार्य सम्पन्न गर्न नपुग हुने भएमा समितिले थप कार्ययोजना निर्माण गरी निर्णय गराइ गाउँपालिकामा प्रस्ताव पेश गरी व्यवस्थापन खर्च व्यवस्थित गरिनेछ ।

**<u>१४. कोष तथा खाता :</u>** **१४.१** समितिले कोषका निमित्त नेपाल अधिराज्य भित्र वा वाहिर कुनै पनि क्षेत्र, संस्था वा व्यक्तिबाट चन्दा उपलब्ध गर्न वा गराउन सक्नेछ । यस्तो कार्यमा समिति आफैले वा यस कार्यविधि बमोजिम गठित विभिन्न समिति वा उपसमिति वा अन्य कुनै निकाय वा व्यक्तिहरु सम्पर्क राखी चन्दा प्राप्त गर्न गराउन सक्नेछ ।

**१४.२** चन्दा प्राप्त गर्ने सम्बन्धी अन्य आवश्यक कुराहरु समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

**१४.३ कोषमा देहायका रकमहरु रहनेछन्: १४.३.१** नेपाल सरकार र प्रदेश सरकारले पाथीभरा क्षेत्रका विकासका निमित्त प्रदान गरेको रकम,

**१४.३.२**. नेपाल अधिराज्य भित्र वा बाहिरका संस्था वा व्यक्तिले कोषको निमित्त प्रदान गरेको रकम,

**१४.३.३** पाथीभरा र पाथीभरा क्षेत्रसँग सम्वन्धित सबै प्रकारका संस्था र जग्गाको आयस्थाबाट प्राप्त हुने रकम,

**१४.३.४** पाथीभरा क्षेत्रभित्रका विभिन्न मन्दिर, थानहरुबाट प्राप्त हुने दक्षिणा र भेटी रकम,

**१४.३.५** कोषले अधिकतम आयस्ता र सुरक्षा हुनेगरी लगानी गरी आर्जन गरेको रकम,

**१४.३.६** कोषले उपलब्ध गराएको सेवा वापत प्राप्त हुन आएको शुल्क वा रकम ।

**१४.४** कोष संचालनको सुविधाको निमित्त कोषले नेपाल अधिराज्य भित्रका वा वाहिरका बैंकहरुमा कुनै पनि मुद्रामा खाता खोली रकम जम्मा गरी खाता संचालन गर्न सक्नेछ ।

**१४.५** कोषको तर्फबाट गर्नुपर्ने सबै खर्च दुईवटा कोषबाट तोकिए बमोजिम व्यहोरिने छ ।

**१४.६** कोषको खाता सञ्चालन यस कार्यविधि बमोजिम हुनेछ ।

**१५. लेखा र लेखा परीक्षण:** **१५.१** कोषको आयव्ययको लेखा तोकिए बमोजिम राख्नुपर्नेछ ।

**१५.२** कोषको लेखा परीक्षण दर्तावाला लेखापरीक्षकबाट हुनेछ ।

**१५.३** गाउँपालिकाले आवश्यक ठानेमा कोषको हिसाब किताब सम्बन्धी कागजात र अरु नगदी जिन्सी समेत जुनसुकै बखत जाँच्न सक्नेछ ।

**१५.४** रोङ गाउँपालिकाले लेखापरीक्षक नियुक्ति गर्नेछ ।

**१६. अधिकार प्रत्यायोजन:** १६.१ समितिले आफ्नो अधिकार आवश्यकतानुसार समितिका सदस्य वा यस कार्यविधि बमोजिम गठित समिति वा उपसमितिका सदस्यलाई प्रत्यायोजन गर्न सक्नेछ ।

**१६.१क. स्वीकृति लिनुपर्नेः** कुनै सरकारी वा गैह्र सरकारी निकायले प्रचलित कानून बमोजिम आफूलाई प्राप्त अधिकार पाथीभरा क्षेत्रभित्र प्रयोग गर्नु अघि समितिको पूर्व सहमति र गाउँपालिकाको स्वीकृति लिनुपर्नेछ । यसरी समितिको पूर्व सहमति वा गाउँपालिकाको स्वीकृति नलिई पाथीभरा क्षेत्रभित्र कुनै काम गरेमा त्यस्तो काम कारवाही वदर हुनेछ ।

**१७. निर्देशिका, मापदण्ड बनाउने अधिकार :** **१७.१** यस कार्यविधिको उद्देश्य पूर्तिको लागि समितिले देहायका विषयमा निर्देशिका एवं **मापदण्ड** बनाउन सक्नेछ र यसरी बनाएको निर्देशिका गाउँपालिकाबाट स्वीकृत भएको हुनुपर्नेछ ।

**१७.१.१** समितिले गर्नुपर्ने प्रशासकीय कामको सम्बन्धमा,

**१७.१.२** समितिले गर्नुपर्ने आर्थिक कामको सम्बन्धमा,

**१७.१.३** समितिका कर्मचारीको पारिश्रमिक, सुविधा र सेवाको सम्बन्धमा,

**१७.१.४** पाथीभरा कोषको काम कारवाही सम्बन्धमा,

**१७.१.५** पाथीभरा क्षेत्रभित्रका परम्परागत धार्मिक रितिस्थिति बमोजिम पूजाआजा संचालन गर्ने सम्बन्धमा,

**१७.१.६.** पाथीभरा क्षेत्रभित्रको विकास निर्माण कार्य सम्बन्धमा,

**१७.१.७** पाथीभरा क्षेत्रभित्रको अन्य आम्दानीको सम्बन्धमा,

**१७.१.८** पाथीभरा क्षेत्रभित्रको अन्य धार्मिक स्थलको संचालन सम्बन्धमा,

**१७.१.९** अन्य आवश्यक बिषय ।

**१७.क. आचारसंहिता बनाई लागू गर्नेः** समितिले पाथीभरा मन्दिरको पूजाआजामा संलग्न हुने मूल पूजारी, सहायक पूजारी र अन्य सहयोगी कर्मचारी र कामदारहरुको आचारसंहिता तयार गर्नुपर्नेछ र त्यस्तो आचारसंहिता गाउँपालिकाबाट स्वीकृत भएपछि लागू हुनेछ ।

**१८. नेपाल सरकार संघ र प्रदेशसँग सम्पर्क :** समितिले नेपाल सरकार र प्रदेश सरकारसँग सम्पर्क राख्दा गाउँपालिका मार्फत राख्नु पर्नेछ ।

**१९. सुविधाः १९.१** कोषको पूँजी, आम्दानी तथा सम्पत्तिमा कुनै किसिमको कर वा दस्तुर वा महशुल लगाइने छैन ।

**तर,**

**१९.१क.** कोषको दैनिक कार्य गर्न चाहिने वस्तुहरु स्थानीय बजारबाट खरिद गर्दा त्यसको मूल्यमा समावेश भएका भन्सार महशुल, विक्रिकर, अन्तःशुल्क आदि कर, दस्तुर वा महशुलको छुट दिइने छैन ।

**१९.१ ख.** कुनै सेवा वापत लाग्ने शुल्क महशुल कोषले बुझाउनेछ ।

**१९.२** कोषको नाममा दर्ता भएको जग्गामा भूमि सम्बन्धि ऐन, २०२१ वा अन्य कानून बमोजिमको हदवन्दी सम्बन्धी व्यवस्था लागू हुनेछैन ।

**२०. बचाउ तथा वाधा अडकाउ फुकाउने अधिकार : २०.१** प्रचलित कानूनमा जुनसुकै लेखिएको भएतापनि यस कार्यविधिमा उल्लेखित विषयहरु सम्बन्धमा यसै कार्यविधि बमोजिम हुनेछ ।

**२०.२** यो कार्यविधि कार्यान्वयन गर्न कुनै बाधा अडकाउ परेमा सो वाधा अडकाउ फुकाउन गाउँ कार्यपालिकाले आवश्यक निर्णय गर्न सक्नेछ ।

२०.३ यो कार्यविधि लागू हुनुपूर्व प्रचलित कानून बमोजिम भए गरेका सम्पूर्ण काम कारबाहीहरु यसै बमोजिम भएको मानिनेछ ।

२०.४ यो कार्यविधिमा उल्लेखित कुनै प्रावधान अन्य प्रचलित कानूनसंग बाझिएमा बाझिएको हदसम्म स्वतः निष्कृय हुनेछ ।

आज्ञाले,

डिक प्रसाद दाहाल

रोङ गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत